# ख्रीष्ट येशू नै किन ?

युगानुयुग अघि जब मानव जातिको रचना भयो । मानव रचनाको प्रथम व्यक्तिलाई परमेश्वरले "आदम" भनेर नामकरण गर्नुभयो । आदम जो धुलोबाट ईश्वरको प्रतिरूपमा बनाइएको थियो । परमेश्वरले आदमकै अंगको एक भागबाट उसको एउटा सहयोगी साथी बनाउनुभयो उ एउटा स्त्री भई जसलाई आदमले हव्वा भनेर नामकरण गरे ।

परमेश्वरसंग तिनीहरूको स्वर्गीय संगति थियो । तिनीहरू परमेश्वरसंग हिंड्थे, कुरा गर्दथे यसरी परमेश्वरको आत्माले तिनीहरूलाई मार्ग दर्शन गर्दथे, डोऱ्याउँदथे र नियन्त्रण गर्दथे । तिनीहरू अलौकिक सामर्थ्यले भरिएका प्राणीहरू थिए जसलाई परमेश्वरले सारा पृथ्वी, आकाश र समुन्द्रका प्राणीहरूमाथि शासन गर्ने अधिकार दिनुभएको थियो ।

परमेश्वरले मान्छेलाई पूर्णरूपले जान्नुहुन्थ्यो, कारण मान्छे वहाँकै सृष्टि थियो । उहाँले आदम र हव्वालाई आज्ञा दिनुभयो र भन्नुभयो कि तिनीहरूले सदाको लागि परमेश्वरको आशिषलाई लिएर आनन्दपूर्वक रहुन् । त्यो स्थान जहाँ तिनीहरू बसेका थिए त्यसको नाम "अदनको बगैंचा" थियो जो स्वयं परमेश्वरको बगैंचा थियो । त्यस बगैंचाको माझमा दुईवटा रूखहरू थिए । एउटा जीवनको रूख जसले अनन्तको जीवन दिन्थ्यो अर्को रूखको नाम थियो असल र खराबको ज्ञानको रूख । परमेश्वरले त्यो आज्ञा दिनुभएको थियो कि जीवनको रूखबाट तिनीहरूले खान सक्थ्ये तर असल र खराबको ज्ञानको रूखबाट चाँहि खानलाई एकदम मनाही थियो । यदि उनीहरूले त्यो आज्ञा नमानेमा उनीहरूको मरण निश्चित थियो । अर्थात् त्यस रूखको फल खाएमा तिनीहरू परमेश्वरको स्वर्गीय मिलापबाट अलग भएर उहाँको शत्रु हुनेवाला थिए ।

परमेश्वरले वास्तवमा आदम र हव्वालाई पवित्र-आत्माको जीवन दिएर हरेक खराबीमाथि विजयी बन्नका निम्ति आज्ञाकारीताको जीवन दिनु चाहनु हुन्थ्यो । जो मानिस र परमेश्वर बीचको पवित्रताको सुमधुर सम्बन्ध थियो । तर मानिसलाई यो कुरा कुनै करकापले नभएर स्वतन्त्र रूपमा दिइएको थियो जसमा

उसले आज्ञाकारीतालाई या त विद्रोह (अनाज्ञाकारीता) कुनै पनि एकलाई स्वतन्
रूपमा रोज्न सक्थ्यो ।

आदमले अनाज्ञाकारीतालाई रोजेर "विद्रोह" लाई नै चुन्यो । परमेश्वरले दि भएको स्वतन्त्र आत्माद्वारा उसले सोच्यो, उनीहरूले त्यो नखानु पर्ने रूखको फ खाए । तत्काल उनीहरूले त्यो थाहा पाए कि उनीहरू शारीरिक र मरणशी जीवनमा आइसकेका थिए । असल र खराब के हो सो पनि थाहा पाए । शरीरव नाङ्गो अवस्थालाई थाहा पाए, फलस्वरूप मृत्युको निश्चयता पनि थाहा पाए । यस आत्मामा जिउने प्रकृयालाई हराएर यस धर्तीमा उनीहरूको शारीरिक जीवनक्रमव शुरूवात भयो । फलस्वरूप मानिस (आदम र हव्वा) परमेश्वरको वगैंचादेरि लखेटिन पर्‍यो । साथै मानिसको रगत र स्वभावमा अनन्तसम्म खराबीको बी रोपियो । मानिस परमेश्वर झैं हुन खोजेको थियो । असल र खराब जान्ने भयो "अनाज्ञाकारीता" एउटा यस्तो विद्रोह थियो जसले गर्दा उनीहरूले सजायव भागिदार बन्न पर्‍यो । (खराबी एउटा यस्तो प्रकृया हो जो निश्चय नै सृष्टिकत परमेश्वरको स्वभावमा हुनै नसक्ने कुरो हो) मानिस मात्र होइन कतिपय विद्रोह स्वर्गदुतहरूको पनि यही हालत भयो जसले परमेश्वरलाई तुच्छ ठाने ।

यही विद्रोह नै अर्को शब्दमा "पाप" हुन आयो । पापलाई यसरी परि परिभाषा दिन सकिन्छ जो कदापि परमेश्वरको आत्माद्वारा अगुवाइ गरिने व नियन्त्रण गरिने वस्तु होइन । किनभने परमेश्वर महापवित्रताको सार हुनुहुन्छ जहाँमा धोका, छलकपट र पतित चालचालन इत्यादि खराबीको विन्दु मात्रको छाय पनि हुनुहुँदैन । परमेश्वर निश्चय हुनुहुन्छ र पवित्र हुनुहुन्छ । वास्तवमा आ मानिस अनाज्ञाकारीताको विद्रोहले जन्माएको पतन हालतमा बाँचिरहेका छन् मानिस आफूमा जे छ, जे गर्छ, जे देख्छ यो सबैमा त्यस विद्रोहको उद्देश्य आन्तरिक दखल रहेको हुन्छ । यसरी एउटै मानिस आदमद्वारा हाम्रो स्वभावमा पनि सत्य ईश्वरको आत्माप्रति विद्रोह गर्ने पाप समावेश छ । जसले हामीलाई मृत्युम पुर्‍याउँदछ । खीष्टलाई नचिन्ने असल भन्दा असल देखिने व्यक्ति पनि त्यस विद्रोहव पापमा समावेश हुन्छ । कारण त्यही विद्रोही रगत आज पनि युगौंयुगदेखि मान्छेम बगेर आइरहेको छ ।

त्यसो भए के हामी पापी अवस्थामै निरासाको मरण मर्ने त ? त्यसो होइ

प्रिय पाठकवर्ग । हाम्रो स्वभाव र काम पापी भएता पनि परमेश्वरले मानिस जातिलाई यति प्रेम गर्नुभयो, उहाँले मानिसलाई यस्तो दसाबाट उम्काउँन एउटा अद्‌भुद युक्ति रच्नुभयो । जसद्वारा उद्धार मुक्ति (छुटकारा) र बचाउने कामको प्रबन्ध गर्नुभयो र एउटा सुन्दर अवसर पनि दिनुभयो । ज-जसले उहाँका महान युक्तिलाई विश्वास गर्नछन् उ निश्चय त्यस भयानक खराबी र पापबाट बाँच्ने छ । त्यस युक्तिको निम्ति उहाँले अद्‌भुद मूल्य चुकाउनुभयो । जो कुनै पनि मान्छेको युक्ति प्रयासदेखि विल्कुलै बाहिरको कुरा हो । साथै परमेश्वरको यस महान कार्यको तुलनामा यस संसारको कुनै पनि युक्ति र प्रयासहरू विफल छन् । त्यस अद्‌भुद र सर्वश्रेष्ठ मूल्य वास्तवमै एउटा यस्तो जीवनको बलिदानमा आधारित छ जुन मूल्यप्रति स्वर्गीय दर्शनले पनि सम्पूर्ण रूपमा कदर गर्दछन् । त्यो अद्‌भुद बलिदानको निम्ति परमेश्वरले आफ्नो पुत्र येशूलाई चुन्नुभयो । येशू जो स्वय परमेश्वर पिता समान हुनुहुन्थ्यो तर पनि मरणशील मान्छेको रूपमा आफूलाई तुच्छ राख्नुभयो । पिताको आज्ञापालन गरी उहाँले आफूलाई सर्वश्रेष्ठ नम्रताको सुन्दर नमूना बनाउनुभयो । यसरी आफूलाई मालिकको दर्जामा होइन तर एउटा दासको रूपमा प्रस्तुत गर्नुभयो । आफैलाई स्वच्छ र पवित्र बलिदान गरेर पिताको आज्ञालाई पूरा गर्नुभयो । जो निष्कलंक भएर पनि सारा संसारको पापको भार उठाउन क्रूसको मृत्युसम्म होचिनुभयो । त्यसकारण परमेश्वरले उहाँलाई अति उच्च स्थानमा उठाउनुभयो जो सबै नामहरू मध्ये अति उच्च छन् । उहाँको अति उच्च नाममा स्वर्गदेखि पृथ्वी र पृथ्वी मुनिका प्रत्येक प्राणीले पनि घुँडा टेकि आफ्नो मुखले परमेश्वरको महिमाको निम्ति उहाँलाई प्रभु भनी स्वीकार्नु पर्दछ ।

यसरी परमेश्वरले आफ्नो महान योजनालाई प्रकटमा ल्याउन एउटा निश्चित समय राख्नुभयो । हजारौं वर्षको समयपछि जो उजागर हुनु आवश्यक थियो । आफ्नो भविष्यवक्ताहरूद्वारा पृथ्वीका विभिन्न ठाउँहरूमा परमेश्वरले हजारौं वर्षको अन्तरालमा यो प्रकट गर्नुभयो । उहाँ जो पापदेखि छुटकारा दिने कहिले ? कहाँ ? कसरी ? आउनेछन् र कसरी क्रूसको मृत्युमा जाने छन् ? कहाँ यो स्थान हुनेछ ? कसरी मृत्युबाट बौरी उठ्ने छन् ? यी सबको भविष्यवाणी पूरा गर्न उहाँ जन्मनु भन्दा कैयौं वर्ष अघि पवित्र शास्त्रमा लेखिएको भविष्यवाणी पूरा गर्नुभयो । उहाँले सबै भविष्यवक्ताहरूका सबै भविष्यवाणीहरूलाई एक-एक गरी पूरा गर्नु पर्दथ्यो सो पूरा पनि गर्नुभयो । त्यसकारण यही ठोस प्रमाणहरूद्वारा उहाँ ख्रीष्ट येशू

भनेर चिनिनु पर्ने आवश्यक थियो भने ती सब कार्य उहाँले पूर्ण पनि गर्नुभयो। आउनु भन्दा हजारौं वर्ष अघि घोषणा गरिएका भविष्यवाणीहरू पूरा गर्दै उ रोगी र लाचारीहरूलाई निको गर्नुभयो, अन्धालाई आँखाको ज्योति दिनु लङ्गडोलाई हिंड्ने खुट्टा दिनुभयो, दुष्ट आत्मालाई भगाउनुभयो, मरेको व्यक्ति सजीव पार्दै प्राण भर्नुभयो र गरीबलाई सुसमाचार दिंदै आफ्नो जीवन अ गर्नुभयो। आफ्नो प्राणलाई क्रूसमा बलिदान गरेको तीन दिनपछि जीवित भई ब उठ्नुभयो। यसरी सबै भविष्यवाणीलाई ठीक समयमा सत्य रूपमा सावित गरे उहाँ हाम्रो मुक्तिदाता हुनुभयो।

त्यसकारण स-प्रमाण उहाँ बाटो, सत्य र जीवन एवं अनन्तको ज्योति पुनरूत्थान हुनुभयो। परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो वहाँले आ एकमात्र पुत्रलाई नै यस संसारलाई दिनुभयो। जस-जसले वहाँलाई विश्वास गर्द उनी नास नहोउन् तर अनन्त जीवन पाउन्। तर जसले विश्वास गर्दैन उ निश नै परमेश्वरको योजनाप्रति अवहेलना र अविश्वासको कारण उहाँको करूणा टाडिएको छ साथै त्यागिएको पनि छ। परमेश्वरको असिम करूणा र प्रेमले आ पुत्रलाई संसारको उद्धारको निम्ति दिनुभयो। त्यसकारण उहाँ चाहानु हुन्छ प्रत मानिस नाश नहोस् तर उसले अनन्त जीवन र शान्ति पाओस् यही उद्देश उहाँको पुत्रद्वारा सबै उहाँकहाँ आउन सकुन्।

अब तपाईले खीष्ट नै किन ? भन्ने प्रश्नको छोटकरी उत्तरहरू श पाउनुभयो। अब चुन्नु अथवा खीष्टलाई रोज्नु तपाईको इच्छा र विचार हो। येशूलाई जीवनको स्वामी र मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गरेर परमेश्व अनन्तको राज्यमा प्रवेश गर्नु अथवा उहाँलाई इन्कार गरेर त्यागिनु कुन च असल हो सो तपाईमा नै भरपर्ने कुरा हो। जे लेखिएको छ त्यो आकाटय सत्य त्यसर्थ प्रभु येशूलाई रोज्नुहोस् त्यसपछि तुरून्त परमेश्वरले पठाउनुभएको आत्म तपाईलाई सिकाउनु हुन्छ कि जसरी प्रभु येशू तपाईको उद्धारको निम्ति मृत्यु सजीव भई उठ्नुभयो त्यो कारण बुझेर तपाईले उहाँलाई आफ्नो मुखले मुक्तिदाता प्रभु भनी स्वीकार गर्नुहुनेछ। यसप्रकारले तपाई प्रभु येशूको रगतले शुद्ध हुनुहुनेछ उहाँ मात्र बाटो हुनुहुन्छ।

तपाई प्रभु येशूलाई रोज्नु चाहानु हुन्छ र प्रार्थना गर्नु चाहानु हुन्छ शुरूमा यसप्रकारले हृदयबाट प्रार्थना गर्नुहोस् जुन प्रार्थना परमेश्वरले निश्चय

सुन्नु हुनेछ ।

"हे हाम्रा स्वर्गका मालिक परमेश्वर पिता म प्रभु येशूलाई मेरो मुक्तिदाता भनी स्वीकार गर्दछु । मलाई हजूरको अमूल्य पुत्र येशू ख्रीष्टको बलिदानद्वारा मुक्तिको बन्दोबस्त गर्नुभयो । म आफै त होइन तर हजूरले मलाई उज्यालोमा डोऱ्याउनुभयो र आफ्नो नजीकमा ल्याउनुभयो । वास्तवमा आज मैले पनि थाह पाँए, म दर-सन्तानदेखि स्वभाविक पापमा रहेछु त्यसैले मेरो पूरा हृदयले विश्वास गर्छु । परमेश्वर पिता हजूरले ख्रीष्ट येशूलाई मृत्युबाट बौरी उठाउनुभयो जुन कुरालाई विश्वास गर्दै सबै कु-विचार र पाप अधर्मलाई म आफ्नो मुखले स्वीकार गरेर अनुग्रही प्रभु येशूको नाममा प्रायश्चित गर्दछु । यसैक्षण म प्रभु येशूको अमूल्य र निर्दोष रगतले मेरो हृदय धोई माग्दै पिता परमेश्वरलाई र प्रभु येशू ख्रीष्टलाई मेरो हृदयमा आउनुहोस् भनी बिन्ती गर्छु । मेरो विश्वासको आधारमा मैले ख्रीष्ट येशूद्वारा आत्माको नयाँ जन्म पाउँन सकेकोमा म हृदयबाट हजुरलाई धन्यवाद चढाउँछु । परमेश्वर पिता म हजूरलाई प्रभु येशूको अति उच्च नाममा यो प्रार्थना र धन्यवाद चढाउँछु । आमेन ।"

त्यसपछि आफ्नो जीवनमा भएको परिवर्तन र आफूले पाएको उद्धार मुक्ति र नयाँ जीवनको बारेमा अरूलाई पनि सुनाउनुहोस् अनि पूरा-पूरा विश्वास गर्नुहोस् । तपाई आत्मामा नयाँ जन्मेको बालक हुनुहुन्छ अनि परमेश्वर तपाईको पिता हुनुहुन्छ । जीवनको प्रत्येक पलमा प्रभु येशूलाई आफ्नो आदत व्यवहारमा ल्याउनुहोस् सम्पूर्ण विश्वासमा उहाँसंग रहनुहोस् । प्रत्येकक्षण तपाई उहाँसंग संगति गर्नुहोस्, उहाँकै पवित्र-आत्माद्वारा जीवनको सबै कृयाकलाप संचालन गर्न प्रण गर्नुहोस् । याद गर्नुहोस् मित्र । यो धर्म परिवर्तन होइन तर मनको शुँद्धाइमा जीवनको परिर्वन हो ।